National News

8/8/2024

<u>प्रमुख समाचार</u>

- वक्फ संशोधन विधेयक, 2024 सुम्पियो संयुक्त संसदीय समितिलाई
- सरकारले भनेको छ, विदेशमा रहँदै गरेका भारतीयसहित त्यहाँ बन्द कैदिहरूको सुरक्षा सरकारको प्राथमिकता
- विदेश मन्त्रालयअनुसार भारतीय उच्चायोग बांग्लादेशबाट फर्किने भारतीय नागरिकहरूसितको सम्पर्कमा
- राष्ट्रपति श्रीमती द्रोपदी मुर्मू न्यूजीलेण्डको यात्रामा
- प्रधानमन्त्री दश अगस्तमा पहिरो प्रभावित वायनाडको भ्रमणमा रहनुहने

- <u>LS</u>

वक्फ संशोधन विधेयक, 2024 संयुक्त संसदीय समितिलाई पठाइएको छ। अल्पसंख्यक कार्य मन्त्री श्री किरेन रिजिजूले लोकसभामा विधेयक प्रस्तुत गर्दै भन्नुभयो, सरकार प्रस्तावित कानूनको अघिल्लो जाँचका लागि तयार छ। उहाँले भन्नुभयो, केन्द्र सरकारसित यस विधेयकको बारेमा लुकाउने केही छैन।

यसअघि श्री रिजीजूले भन्नुभयो, विधेयकको उद्देश्य धार्मिक निकायको कामकाजमा हस्तक्षेप गर्नु नभएर मुस्लिम समुदायका वञ्चित र गरीबवर्गलाई न्याय प्रदान गर्नु हो। उहाँले भन्नुभयो, यो विषय संविधानको समवर्ती सूचीमा पर्दछ र केन्द्र यसमाथि कानून बनाउन पूर्ण रूपले सक्षम छ। श्री रिजिजूले भन्नुभयो, यो कानून सच्चर समिति र पछिल्ला सरकारहरूका विभिन्न समितिहरूको सिफारिशअनुसार ल्याइएको हो। उहाँले भन्नुभयो, वक्फ बोर्डको कामकाजमा धेरै कमजोरीहरू छन् र केही मानिसहरूले यी बोर्डहरूमाथि कब्जा जमाएका छन्। उहाँले भन्नुभयो, यो कानून पारदर्शिता ल्याउन र मुस्लिम महिलाहरू तथा पछाड़िएका मुसलमाहरूलाई उचित प्रतिनिधित्व तय गर्न ल्याइएको हो। श्री रिजीजूले भन्नुभयो, वक्फ बोर्डहरूसित सम्बन्धित लगभग बाह्र हजार मामिला लम्बित छन् र यस विधेयकमा यस्ता मामिलाको छह महिनामा समाधान गर्ने प्रावधान छ। उहाँले भन्नुभयो, वक्फ बोर्डको सम्पत्तिमा अतिक्रमण सम्बन्धी समस्याको सम्बन्धमा एक वर्षभित्र लगभग दुई सयवटा गुनासो प्राप्त भए। उहाँले विपक्षको विधेयक हितधारकहरूसित उचित परामर्श नगरी ल्याइएको भन्ने आरोपलाई अस्विकार गर्नुभएको छ। श्री रिजीजूले भन्नुभयो, यो विधेयक ल्याउनअघि हितधारकहरूसित व्यापक विचार-विमर्श गरिएको थियो। उहाँअनुसार वक्फ बोर्ड ट्रिब्यूनलमा एकजना न्यायिक र एकजना तक्नीकी सदस्य हुनेछन्।

यसअघि कंग्रेस, तृणमूल कंग्रेस, समाजवादी पार्टी, द्रविड़ मुनेत्र कजंगम, राष्ट्रवादी कंग्रेस पार्टी (शरद पवार), वामपन्थी र अन्य दलहरूले विधेयकको विरोध गर्दै यसलाई संविधान र धार्मिक स्वतन्त्रता विरूद्ध बताए। कंग्रेस सांसद श्री KC भेणुगोपालले विधेयकमाथि आपत्ति जनाउँदै यो कठोर हुनका साथै देशको संघीय ढाँचामाथि आक्रमण हो भनी आरोप लगाउनुभयो।

--------------------------------------X--------------------------------------

- <u>LS Indian Persons</u>

सरकारले आज संसदमा भनेको छ, विदेशमा रहँदै गरेका भारतीयहरूसहित त्यहाँका जेलहरूमा बन्द कैदिहरूको सुरक्षा पनि सरकारको प्राथमिकता हो। राज्यसभामा विदेश राज्य मन्त्री श्री कीर्ति वर्धन सिंहले सदनलाई एउटा प्रश्नको लिखित उत्तरमा भन्नुभयो कि वर्तमानमा नौं हजार सात सय अट्ठाइसजना भारतीय कैदी विदेशका जेलहरूमा बन्द छन्, जसमा विचाराधीन मामिलाका कैदी पनि शामेल छन्। यसमा सबैभन्दा अधिक दुई हजार पाँच सय चौरनब्बेजना कैदी सउदी अरब र दुई हजार तीन सय आठजना सयुंक्ती अरब अमीरातका जेलहरूमा बन्द छन्। उहाँले यो पनि भन्नुभयो कि नेपालमा एक हजार दुई सय बयासीजना कैदी जेलमा छन्। आँकडाअनुसार पछिल्लो दश वर्षमा लगभग एक सय पच्चीसजना भारतीय कैदिहरूलाई विदेशमा मृत्युदण्डको सजाय भयो। यसमा कनाडामा तेहीस, चीनमा सत्र, कतारमा चौध र साउदी अरबमा कुल तेह्रजना भारतीय शामेल छन्।

--------------------------------------X--------------------------------------

- <u>Foreign Ministry Bangladesh</u>

ढाकामा भारतीय उच्चायोग बांग्लादेशबाट फर्किने भारतीय नागरिकहरूसितको सम्पर्कमा छ। नयाँ दिल्लीमा आज विदेश मन्त्रालयका प्रवक्ता श्री रणधीर जयसवालले भन्नुभयो, नौं हजार विद्यार्थीहरूसहित लगभग उन्नाइस हजार भारतीय नागरिक यस समय बांग्लादेशमा छन्। उहाँले भन्नुभयो कि सरकार भारतीय नागरिकहरूको सुरक्षा तय गर्न उच्चायोगसित लगातार सम्पर्कमा छ। श्री जयसवालले बांग्लादेशमा सामान्य स्थिति बहाल हुने आशा व्यक्त गर्नुभयो, ताकि उच्चायोगले आफ्नो पूर्ण कार्य पुनः शुरू गर्नसकोस्।

उहाँले भन्नुभयो, बांग्लादेशकी पूर्व प्रधानमन्त्री श्रीमती शेख हसीनालाई भारत आउने स्वीकृति अल्प सूचनामा दिइएको थियो। श्री जयसवालले भन्नुभयो, सरकारले

बांग्लादेशमा अल्पसंख्यकहरूको स्थितिसहित सबै स्थितिमाथि लगातार ध्यान राखिरहेछ।

---------------------------------------X---------------------------------------

- <u>President New Zeeland Visit</u>

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज न्यूजीलेन्डको वेलिङटनस्थित सरकारी भवनमा उहाँको सम्मानमा गर्वनर जनरल श्री डेम सिन्डी किरोको तर्फबाट आयोजित भोजमा भाग लिनुभयो। यस अवसरमा न्यूजीलेन्डका प्रधानमन्त्री श्री क्रिस्टोफर लक्सन, न्यूजीलेन्ड सरकारका वरिष्ठ मन्त्रीगण आदि शामेल हुनुहुन्थ्यो।

यसअघि, राष्ट्रपतिले आज आफ्नो न्यूजीलेन्ड यात्राअवधि वेलिङटनस्थित गवर्नमेन्ट हाऊसमा प्रधानमन्त्री श्री क्रिस्टोफर लक्सन र उपप्रधानमन्त्री एवं विदेश मन्त्री श्री विन्स्टन पीटर्स-सित द्विपक्षीय वार्ता गर्नुभयो। यस अवसरमा सीमा शुल्क सहयोग, परम्परागत चिकित्सा र नवीकरणीय ऊर्जामाथि चर्चा भयो।

---------------------------------------X---------------------------------------

- <u>PM Kerala</u>

प्रधानमन्त्री श्री नरेन्द्र मोदी दश अगस्तका दिन पहिरो प्रभावित वायनाडको भ्रमणमा रहनुहनेछ। यात्रालाई लिएर कन्नूर र वायनाडमा तयारी जारी छ र दुवै स्थानमा आज सुरक्षा बैठक बस्यो।

प्रधानमन्त्री शनिवार बिहान एघार बजी नयाँ दिल्लीबाट कन्नूर विमानास्थल पुग्नुहुनेछ, जहाँबाट उहाँ हेलीकप्टरबाट भएर वायनाडको कलपट्टा जानुहुनेछ। कलपट्टामा उहाँले पहिरो प्रभावित क्षेत्रको हवाई सर्वेक्षण गर्नुहुनेछ। प्रधानमन्त्री साँझ दिल्ली फर्किनुहुनेछ।

यसैबीच, केरल र कर्नाटकको सैन्य एकाइहरूबाट आएका लगभग पाँच सय सैन्यकर्मी वायनाडदेखि फर्किनेछन्। नवनिर्मित झोलुङ्गे पुललाई दह्रिलो बनाउन एउटा सानो टोली र हेलीकप्टर खोजी दल अझ केही दिनसम्म वायनाडमा रहनेछन्।

---------------------------------------X---------------------------------------

- RS Olympic

भारतीय ओलम्पिक संघले भारतमा 2036 ओलम्पिकको आयोजनाबारेमा सम्बधित आयोग फ्यूचर होस्ट कमीशनसित बातचीत प्रक्रिया शुरू गरेको छ। युवाकार्य तथा खेल मन्त्री डाक्टर मनसुख माण्डवियाले राज्यसभामा एउटा लिखित प्रश्नको उत्तरमा यो जानकारी दिनुभयो। फ्यूचर होस्ट कमीशन अन्तरराष्ट्रिय ओलम्पिक समितिको समर्पित संस्था हो। उहाँले भन्नुभयो, देशमा खेल आयोजनालाई लिएर आधारभूत पूर्वाधारको विस्तार एउटा सतत प्रक्रिया हो।

सरकारले भारतीय छात्रहरूलाई सुरक्षा प्रदान गर्ने आफ्नो प्रतिबद्धता दोहो्याएको छ। राज्यसभामा एउटा लिखित उत्तरमा विदेश मन्त्री डाक्टर सुब्रमण्यम जयशंकरले भन्नुभयो, विदेशहरूमा भारतीय छात्रहरूलाई सुरक्षा प्रदान गर्ने सरकारको सर्वोच्च प्राथमिकताहरूमध्ये एउटा हो। उहाँले भन्नुभयो, विदेशमा भारतीय मिशनले उच्च अध्ययनका लागि विदेश जाने भारतीय छात्रहरूलाई सहयोग पोर्टलमा पञ्जीकरण गर्न प्रोत्साहित गर्दछ।

------------------------------------X------------------------------------

- RBI Monetary Policy

वित्त वर्ष 2024-25-का लागि आफ्नो तेस्रो द्विमासिक समितिको बैठकमा भारतीय रिजर्व ब्याङ्क (RBI)-ले चालू वित्त वर्षका लागि वास्तविक सकल घरेलू उत्पाद (GDP) वृद्धि पूर्वानुमानलाई सात दशमलौ दुई प्रतिशतमाथि यथावत राखियो। भारतीय रिजर्व ब्याङ्कका गवर्नर श्री शक्तिकान्त दासले भन्नुभयो कि मौद्रिक नीति समितिले छहमध्ये चार सदस्यलाई बहुमतबाट रेपो रेटलाई छह दशमलौ पाँच प्रतिशतमा अपरिवर्तित राख्ने फसेला गरेको छ। उहाँले भन्नुभयो, GDP-मा सहज र स्थिर वृद्धि मौद्रिक नीतिले मुद्रास्फीतिमाथि ध्यान केन्द्रित गर्नमा सक्षम बनाउँदछ।

------------------------------------X------------------------------------

- LS MRO

लोकसभामा आज केन्द्रिय नागरिक उड्डयन मन्त्री श्री किंजरापु राम मोहन नायडूद्वारा भारतीय वायुयान विधेयक प्रस्तुत गरियो। यस अवसरमा उहाँले भन्नुभयो, भारतीय विमानन अधिनियम वर्ष 1934-मा ल्याइयो र त्यसपछि यसमा समय-समयमा धेरै संशोधन गरिए। उहाँले भन्नुभयो कि यी संशोधनहरूले नागरिक उड्डयन महानिदेशालय (DGCA) र नागरिक उड्डयन सुरक्षा ब्यूरो (BCAS) जस्ता आन्तरिक संगठनहरूको कामकाजको मामिलामा धेरै अस्पष्टता र विरोधाभास उत्पन्न गऱ्यो। यस्तोमा भारतीय वायुयान विधेयकले यी मामिलाहरूमाथि स्पतष्टता राख्नेछ।

यो विधेयक केन्द्र सरकारलाई कुनै पनि विमान वा विमानको श्रेणीका लागि नियम बनाउने र विमान सञ्चालनको सुरक्षा सुनिश्चित गर्ने अधिकार दिँदछ।

यसका साथै नागरिक उड्डयन मन्त्रीले आज लोकसभामा प्रश्नकालअवधि पूरक प्रश्नको उत्तर दिँदै भन्नुभयो, विमानन् क्षेत्रमा रखरखाउ, मरम्मत र सुधार (MRO) क्षेत्रमा अधिक सम्भावना छ र देशमा आउने सात वर्षमा यो चार अरब डलरसम्म पुग्ने आशा छ। श्री नायडूले भन्नुभयो, वर्तमानमा देशमा MRO क्षेत्र दुई अरब डलरको छ।

उहाँले भन्नुभयो, देशमा स्वदेशी MRO कम्पनीहरूलाई आकर्षित गर्न सरकारले विमानास्थल र हवाई पट्टीहरूसित सम्बन्धित संस्थाहरूलाई दह्रिलो बनाउन उचित पहल गरिरहेछ।

श्री नायडुले भन्नुभयो, केन्द्रले MRO क्षेत्रसित सम्बन्धित विभिन्न घटकहरूमाथि GST-का विभिन्न चरणहरूलाई एकीकृत गरेको छ।

----------------------------------------X----------------------------------------

- PM Condolence

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पश्चिम बंगालका पूर्व मुख्यमन्त्री बुद्धदेव भट्टाचार्यको निधनमा शोक व्यक्त गर्नुभएको छ। सोशल मिडिया पोस्टमा प्रधानमन्त्रीले उहाँलाई एकजना राजनीतिक दिग्गज बताउनुभएको छ, जसले ठूलो प्रतिबद्धताका साथ राज्यको सेवा गर्नुभयो। स्वर्गीय भट्टाचार्यको अस्सी वर्षको उमेरमा लामो समयसम्म बिमारीपछि आज दक्षिण कलकत्तास्थित उहाँको आवासमा निधन भयो।

----------------------------------------X----------------------------------------

- Governor with HM

सिक्किमका राज्यपाल श्री ओम प्रकाश माथुरले आज नयाँ दिल्लीमा गृह मन्त्री श्री अमित शाहसित भेट गर्नुभयो। यसअवधि दुई नेताबीच सिक्किमसित सम्बन्धित विभिन्न मुद्दामाथि चर्चा भयो।

----------------------------------------X----------------------------------------